लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

च.नं. ५४१

पत्र संख्याः २०८०/२०८१

मितिः २०८०। १०।१९

विषयः आशयपत्र पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस मन्त्रालयको आर्थिक बर्ष २०८०/८१ मा शैक्षिक विकास तथा प्राविधिक शिक्षा (ब. उ.शी.न. ३५०००१४) कार्यक्रम अन्तर्गत शिक्षा क्षेत्रमा विभिन्न अनुसन्धान कार्यका लागि बजेट रु. २०,००,०००।- (विस लाख) र विज्ञान तथा प्रविधि विकास कार्यक्रम (ब.उ.शी.न. ३५००००२३) अन्तर्गत विज्ञान प्रविधि क्षेत्रमा लघु अनसन्धानहरु सञ्चालनका लागि बजेट रु. १५,००,०००।- विनियोजन भएकोले नियमानुसार दर्ता भई अनुसन्धानको क्षेत्रमा काम गरिरहेका फर्म, संस्था वा कम्पनीले निम्नानुसारका अनुसन्धान शीर्षकमा तोकिएको कार्यशर्तको परिधि भित्र रही प्रस्तावहरु तयार गरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी मिति २०८०।११।२० गतेभित्र यस मन्त्रालयमा पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी आएका प्रस्तावहरु मूल्याङ्कन र स्वीकृत गरिने छैन। साथै, प्रस्ताव पेश गर्ने सम्बन्धी यो आशयपत्र प्राप्त भएको जानकारी मन्त्रालयलाई गराउनु हुन समेत अनुरोध गरिन्छ।

| कार्यक्रमको क्षेत्र | क्र. स. | अनुसन्धानको क्षेत्र वा शिर्षक | कैफियत |
|---|---|---|---|
| विज्ञान तथा प्रविधि विकास कार्यक्रम (ब. उ. शी. न. ३५००००२३) | १ | प्रदेश भित्र रहेका परम्परागत प्रविधिको उपयोगको अबस्था | |
| | २ | लुम्बिनी प्रदेशमा विज्ञान तथा प्रविधिका माध्यमबाट आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन सक्ने संभावित क्षेत्रहरु र तिनिहरुको वर्तमान अवस्था | |
| | ३ | An analytical study on the status of air pollution in Rupandehi and Dang Districts. | |
| शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रम (ब. उ. शी. न. ३५०००१४) | १ | शिक्षकको पेशागत विकास (टीपीडी) तालिमको प्रभावकारिता | |
| | २ | विद्यालयहरुमा भौतिक सुधार कार्यक्रमको प्रभावकारिता | |
| | ३ | स्थानीय पाठ्यक्रमको प्रयोगको अवस्था | |
| | ४ | प्रदेशबाट प्रदान गरिएका छात्रबृत्तीहरुको प्रभाव | |

थानेश्वर ज्ञवाली
नि.प्रदेश सचिव

नि. सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# A REQUEST FOR PROPOSAL(RFP)

## १. परामर्शदातालाई जानकारी

क. सामाजिक विकास मन्त्रालयले तोकिएको अध्ययन अनुसन्धान र विषयका आधारमा परामर्शदाता संस्था छनौट गर्नेछ। उक्त संस्थाले मन्त्रालयले प्रदान गरेको कार्य क्षेत्रगत शर्त (TOR) अनुसार काम गर्नुपर्नेछ।

ख. परामर्शदाताले व्यावसायिक, उद्देश्यपूर्ण र निष्पक्ष भई अध्ययन, अनुसन्धानको कार्य गर्नुपर्दछ। सो कार्य गर्दा प्राप्त सूचना तथा जानकारीको सही तथा बस्तुपरक विश्लेषण गर्नुपर्ने छ।

ग. परामर्शदाता संस्थाको मुख्य जनशक्तिको रुपमा प्रस्तावित परामर्शदाता/ वरिष्ठ अनुसन्धानकर्ता/ अनुसन्धानकर्ता सम्झौता पश्चात काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिब कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रुपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न सक्ने छैन ।

घ. प्रारामर्शदाताले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव बेग्लाबेग्लै शिलबन्दी खाममा पेश गर्नुपर्ने छ।

ङ. परामर्शदाता संस्थाले सम्झौता भएको मितिले ३ महिना भित्र काम सम्पन्न गरी भुक्तानीको लागि विल भरपाई र प्रतिवेदन पेश गरी सक्नुपर्ने छ।

च. सामाजिक विकास मन्त्रालयले अध्ययन अनुसन्धानका क्रममा आवश्यक सहजीकरण, समन्वय र निर्देशन दिन सक्नेछ ।

छ. सेवा लिने सार्वजनिक निकाय, सम्पर्क गर्ने ठेगाना र सम्पर्क व्यक्तिः सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश,राप्ती उपत्यका (देउखुरी), नेपाल, सम्पर्क नम्वर : ०८६-५९०४६१ र ०८६-५९०४६२ रहेको छ ।

ज. प्रस्ताव सम्बन्धी कागजातमा कुनै शुल्क लाग्ने छैन।

२. प्रस्ताव पेश गर्ने समयः सूचना भएको मितिले ३० दिन वा २०८०।११।२० गते अपरान्ह २:०० बजे सम्म ।

३. प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिको हालसालैको वैयक्तिक विवरण (Bio Data) सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरेको हुनुपर्ने छ। प्राविधिक प्रस्ताव तयार गर्दा, परामर्शदाताले निम्न कुरामा विशेष ध्यान दिनु पर्नेछः

क. परामर्शदाताको संगठनको छोटो परिचय अनुभव र मूल्याङ्कनमा मागिएका विवरणहरुको कागजात ।

ख. प्रस्तावमा पेश भएको जनशक्तिबाट नै अनुसन्धान गराउनुपर्ने छ ।

ग. तोकिएको ढाँचा र भाषामा प्रतिवेदन तयार पार्नुपर्ने छ ।

घ. कार्यदिशमा केही थप भनाई वा विचारहरु राख्नुपर्ने भए बुँदागत रुपमा प्रस्तुत गर्नुपर्नेछ ।

ङ. विधिको छोटो परिचय र कार्ययोजना ।

च. जनशक्तिको योग्यता तथा अनुभवहरुको प्रमाणित कागजात ।

छ. जनशक्तिको कार्य विवरण ।

ज. जनशक्तिको हालसालैको प्रमाणित बायोडाटा ।

झ. प्राविधिक प्रस्तावमा कुनै पनि आर्थिक कुरा लेखिएको हुनुहुँदैन ।

४. प्राविधिक प्रस्तावमा प्रस्तावदाताले प्राप्त गर्नुपर्ने उत्तीर्णाङ्क ६०% रहनेछ ।

५. प्रस्तावदाताले सम्बन्धित कामको लागि तोकिएको समयभित्र सक्नेगरी कार्ययोजना प्रस्ताव गर्न सक्नेछ।

नि. सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

६. प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा सुधारका लागि थप सुझाव प्रदान गर्न सक्नेछ तर सुझावलाई समावेश गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ। सुझावमा पेश गरिएको कुरा समावेश गरिएको ब्यहोराको पत्र नपाउँदा सम्म प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा सुधार गरेको मानिने छैन ।

७. प्रस्तावको छनौट गुणस्तर र लागत विधिका आधारमा गरिने छ र त्यस्तो कुल अङ्कभार मध्ये प्राविधिक प्रस्तावको कुल अङ्कभार ७५ र आर्थिक प्रस्तावको अङ्कभार २५ रहनेछ ।

८. परामर्शदाताको छनौट गर्न प्राविधिक प्रस्तावको अङ्कभार उल्लेख गर्दा देहाय बमोजिमको अङ्कको सीमा निर्धारण गरिएकोछ:

क. प्रस्तावदाताको खास कामको अनुभव कुल अङ्कको १५ प्रतिशत ।

ख. कार्यसम्पादन गर्ने तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता कुल अङ्कको ४५ प्रतिशत ।

ग. जनशक्तिको योग्यता र अनुभव कुल अङ्कको ४० प्रतिशत गरी जम्मा कुल अङ्क १०० र उत्तीणाङ्क ६० अङ्क ।

९. प्राविधिक प्रस्ताव परामर्शदाताद्वारा प्रदान गरिएको जानकारीको आधारमा मूल्याङ्कन गरिनेछ । फर्जी विवरण पेश गरेको पाइएमा जुनसुकै बखत प्रस्ताव तथा सम्झौता रद्द गर्न सकिनेछ ।

१०. आर्थिक प्रस्ताव पेश गर्दा निम्न लिखित पक्षमा हुने खर्चलाई ध्यानमा राखी तयार पार्नु पर्नेछ ।

क. दस्तावेज अध्ययन ।

ख. विधि र कार्ययोजना निर्माण ।

ग. फिल्डमा डाटा संकलन लगायतका काममा लाग्ने समय ।

घ. तथ्याङ्क विश्लेषण र मस्यौदा प्रतिवेदन तयारी ।

ङ. प्रारम्भिक प्राप्ति प्रवोधीकरण र पृष्ठपोषण प्राप्त ।

च. अन्तिम प्रतिवेदन र अन्य भैपरी आउने खर्चहरु ।

११. प्रस्ताव तयार गर्दा र पेश गरी छनौट हुँदा सम्म लागेको परामर्शदाताको प्रत्यक्ष लागतको रकम उपलब्ध गराइने छैन साथै परामर्शदाताले पेश गरेको जुनसुकै प्रस्तावहरू स्वीकार गर्न सामाजिक विकास मन्त्रालय बाध्य हुने छैन।

१२. अनुसन्धानको क्रममा संलग्न हुने परामर्शदाता तथा सो कार्यमा आबद्ध सदस्यहरुले उच्चस्तरीय नैतिकताको पालना गर्नु पर्नेछ र सुचना संकलन र छलफल लगायतका कार्यमा लैङ्गिक संवेदनशिलता र मानव अधिकारको उल्लङ्घन नहुने प्रति सुनिश्चित हुनु पर्नेछ ।

१३. परामर्शदाता नैतिक हिसावले पतन भएको, भ्रष्ट वा जालसाझी लगायतका क्रियाकलापमा संलग्न भएको छ भने सम्झौताको लागि योग्य हुनेछैन। झुठा विवरण पेश गरी सम्झौता गरेको भन्ने कुरा अध्ययन कै क्रममा यदि मन्त्रालयले थाहा पाएमा जानकारी गराई जुनसुकै बखत सम्झौता रद्ध गर्न सक्नेछ। मन्त्रालयले चाहेको समयमा परामर्शदाताले आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ ।

१४. परामर्शदाताहरूले कुनै पनि कागजातहरूको बारेमा स्पष्ट हुन खोजेमा प्रस्ताव बुझाउन ५ दिन बाँकी रहँदा सम्म सामाजिक विकास मन्त्रालयमा लिखित अनुरोध गर्न सक्नेछन् । सो सम्बन्धमा आवश्यक सूचना दिनु मन्त्रालयको कर्तव्य हुनेछ र यस्तो स्पष्टता सम्बन्धी सूचना दिंदा ईमेल, फ्याक्स, वा अन्य माध्यमबाट दिन सकिने छ ।

१५. मूल्याङ्कन पूरा भएपछि मन्त्रालयले परामर्शदाताहरुको वित्तीय प्रस्ताव खोल्नेछ। सो को जानकारी परामर्शदातालाई सार्वजनिक सूचना मार्फत गराइनेछ ।

१६. परामर्शदाताले TOR मा पेश भए बमोजिम प्रतिवेदन आदि बुझाउनु पर्नेछ ।

नि. सचिव

१७. प्रचलित सार्वजनिक खरीद ऐन/नियमहरु र आर्थिक कार्यविधि सम्बन्धी ऐन नियमको पालना दुवै पक्षको दायित्व भित्र पर्नेछ।

१८. परामर्शदाताले खरीद प्रक्रिया वा खरीद सम्झौताको कार्यान्वयनमा प्रभाव पार्ने अभिप्रायले निम्न कार्यहरू गर्न वा गराउँनु हुदैनः

क. प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अनुचित प्रलोभन दिने वा प्रस्ताव गर्ने,

ख. विकृत वा तथ्यको गलत बयान गर्ने,

ग. भ्रष्टाचारमा संलग्न वा धोखाधडी दिने अभिप्रायले अभ्यासमा सामेल गर्ने वा भइरहेको,

घ. अन्य सम्भावित बोलपत्रकर्ताहरूको सहभागितामा हस्तक्षेपकारी कार्य गर्ने ।

**यसरी सम्झौताको विपरित गर्ने वा तोकिएका शर्तहरु पुरा नगरी अध्ययन कार्यलाई प्रभावित बनाउने परामर्शदातालाई कालोसूचीमा राख्न सकिनेछ ।**

| सि नं | विवरण |
|---|---|
| १. | सेवा लिन चाहेको कार्यालयको नामः सामाजिक विकास मन्त्रालय लुम्विनी प्रदेश, राप्ती उपत्यका,(देउखुरी),नेपाल।<br>छनौट विधि : सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, **Quality & Cost Based Selection (QCBS)** |
| २. | अनुसन्धान शीर्षकहरुः<br>१. प्रदेश भित्र रहेका परम्परागत प्रविधिको उपयोगको अबस्था<br>२. लुम्बिनी प्रदेशमा विज्ञान तथा प्रविधिका माध्यमबाट आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन सक्ने संभावित क्षेत्रहरु र तिनिहरुको वर्तमान अवस्था<br>३. An analytical study on the status of air pollution in Rupandehi and Dang Districts.<br>४. शिक्षकको पेशागत विकास (टीपीडी) तालिमको प्रभावकारिता<br>५. विद्यालयहरुमा भौतिक सुधार कार्यक्रमको प्रभावकारिता<br>६. स्थानीय पाठ्यक्रमको प्रयोगको अवस्था<br>७. प्रदेशबाट प्रदान गरिएका छात्रबृत्तीहरुको प्रभाव<br>उद्देश्यः **Refer TOR**<br>विवरण : **Refer TOR** |
| ३. | सम्झौतापूर्व प्रस्ताव पेश गर्ने बैठक गरिनेछैन । |
| ४. | मन्त्रालयले परामर्शदातालाई आवश्यक परेमा सल्लाह तथा सुझावहरु दिन सक्नेछ ।. |
| ५. | प्रस्ताव अनिवार्य रुपमा नेपाली वा अङ्गेजी भाषामा पेश गर्नुपर्ने छ । |
| ६. | (i) अनुसन्धान गर्न आवश्यक जनशक्ति विवरण यस प्रकार छन् १ टिम लिडर (बरिष्ठ अनुसन्धानकर्ता) र २ जना अनुसन्धानकर्ता र सूचक (सम्पर्क व्यक्ति) ४ जना<br>(ii) जनशक्तिको अनुभव निम्न अनुसार हुनुपर्दछ । |

| पद | न्यूतनतम पेशागत अनुभव | संख्या | न्युनतम अनुभव र योग्यता |
|---|---|---|---|
| टिमलिडर | ५ वर्ष | १ | स्नातकोत्तर गरी ५ बर्षको अनुभव. |
| अनुसन्धानकर्ता | ३ बर्ष | २ | स्नातकोत्तर गरी ३ बर्षको अनुभव |
| सूचक (सम्पर्क व्यक्ति) ४ जना | सामान्य | ४ | कम्तिमा स्नातक तह उत्तिर्ण र गणना कार्य अनुभवीलाई प्राथमिकता दिने |



नि. सचिव

| | |
|---|---|
| | प्रतिवेदन प्रस्तुत गर्दा अंग्रेजी वा नेपाली भाषाको युनिकोडको कालिमाटी फण्टमा हुनु पर्नेछ । |
| ७. | प्राविधिक प्रस्तावको लागि थप सूचनाहरु:<br>**Refer TOR.** |
| ८. | प्रस्तावहरु पेश भएको ९० दिन सम्म वैध हुनुपर्दछ । |
| ९. | परामर्शदाताले प्राविधिक र आर्थिक प्रस्तावका फरकफरक सिलबन्दी खामहरु पेश गर्नुपर्ने । |
| १०. | कागजात पेश गर्ने कार्यालयः सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेश, राप्ती उपत्यका,(देउखुरी),नेपाल।<br>बाहिरी खाममा दिनुपर्ने विवरण:: परामर्शदाताको नाम:<br>परामर्श सेवाको शीर्षक: |
| ११. | प्रस्ताव मितिः २०८०।११।२० गते अपरान्ह २:०० बजे भित्र सामाजिक विकास मन्त्रालयमा पेश गरिसक्नु पर्नेछ । प्रस्ताव मिति २०८०।११।२१ गते बिहान ११ बजे सामाजिक विकास मन्त्रालयमा खोलिनेछ । |
| १२. | सेवाप्रदायकलाई जानकारी सूचना पठाउने निकाय:<br>सामाजिक विकास मन्त्रालय लुम्विनी प्रदेश, राप्ती उपत्यका,(देउखुरी),नेपाल ईमेल:mosdfive@gmail.com |
| १३. | **प्राविधिक प्रस्ताव मूल्यांकन मापदण्ड अन्तर्गत दिनु पर्ने अंकहरू** |

**अनुसन्धान प्रस्ताव-मूल्यांकन फाराम**

१.संस्थाको अनुभव: १५

| क्र.स | आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| I. | परामर्शदाताहरूको कामसँग सम्बन्धित विशिष्ट अनुभव (गत ५ बर्षमा) | १० | - | |
| II. | सम्बन्धित क्षेत्रसँग सम्बन्धित अनुसन्धान (१ अनुसन्धानका लागि ३ अंक) | ३ | - | |
| III. | अन्य क्षेत्रमा अनुसन्धान (१ अनुसन्धानका लागि १ अंक) | २ | - | |

२. विधि तथा मेथडोलोजी ४५ अङ्क

**प्रस्तावहरुको मूल्याङ्कन**

| सूचकहरु | | स्केल | | | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| | | नभएको | कमजोर | ठीकै | राम्रो | उत्तम | |
| १ | अनुसन्धान शीर्षक (विशिष्ट, स्पष्ट पारिएमा ) | ० | ०.४ | ०.८ | १.२ | १.८ | |
| २ | सार (धेरै राम्रो सारांश) | ० | ०.६ | १.२ | १.८ | २.४ | |
| ३ | पृष्ठभूमि, समस्या भनाई (पर्याप्त, प्रासंगिक, राम्रोसँग भनिएको) | ० | ०.६ | १.२ | १.८ | २.४ | |
| ४ | साहित्य समीक्षा र रिसर्च ग्याप (पर्याप्त, सान्दर्भिक र ग्याप पहिचान) | ० | ०.६ | १.२ | १.८ | २.४ | |
| ५ | सैद्धान्तिक / अवधारणात्मक रूपरेखा, अनुमान / परिकल्पना, अनुसन्धान प्रश्न (राम्रोसँग फ्रेम गरिएको) | ० | १.२ | २.४ | ३.६ | ४.८ | |
| ६ | अनुसन्धान उद्देश्यहरू (सामाजिक रूपमा उपयोगी, पर्याप्त, प्राप्य) | ० | १.२ | २.४ | ३.६ | ४.८ | |

नि. सचिव

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | अध्ययन डिजाइन, विधिहरू, उपकरण र डाटा विश्लेषण (दोष रहित, उन्नत, राम्रोसँग उपयुक्त र कुशल) | 0 | २.४ | ४.८ | ७.२ | ९.६ | | |
| ८ | अपेक्षित निष्कर्ष (स्पष्ट र दीर्घकालिन महत्त्व, प्रदेश सरकारलाई सहयोग पुग्न सक्ने सुझाव संलग्न गर्ने परिकल्पना भएको) | ० | ०.६ | १.२ | १.८ | २.४ | | |
| ९ | अपेक्षित परिणामहरू (तथ्य र तथ्याङ्कलाई समेटन सक्ने, विषय वस्तुको गाम्भिर्यताको आधार प्रस्तुत भएको) | ० | ०.६ | १.२ | १.८ | २.४ | | |
| १० | सीमितता र सीमाङ्कन (इमानदारीपूर्वक वर्णन र व्यावहारिक प्रस्तुती | ० | ०.६ | १.२ | १.८ | २.४ | | |
| १० | नैतिक र सुरक्षा मुद्दाहरू (राम्रोसँग सम्बोधन गरिएको छ,) | ० | ०.६ | १.२ | १.८ | २.४ | | |
| ११ | संगठन, ढाँचा (राम्रो संगठित, मानक ढाँचा अनुसरण गरियो, एकरूपता) | ० | ०.६ | १.२ | १.८ | २.४ | | |
| १२ | लुम्बिनी प्रदेशका अपाङ्गताका सवाल र समस्यालाई समेट्ने देखिएको (राम्ररी समेटिएको) | ० | १.२ | २.४ | ३.६ | ४.८ | | |

३. जनशक्ति विवरण: ४०

| क्रसं | आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १) | अनुसन्धान टीमको आवश्यक योग्यता पुगेको | २० | - | |
| २) | कम्तिमा २ वटा अनुसन्धान अनुभव भएको टोली नेता (२वटा x५ अङ्क) | १० | - | |
| ३) | अनुसन्धान टोली सदस्यहरू कम्तिमा २ वटा अनुसन्धान अनुभव भएको हुनुपर्ने (२x५) | १० | - | |

जम्मा अङ्क: १००

न्यूनतम प्राविधिक स्कोर पास गर्न आवश्यक: ६०%

| | |
|---|---|
| १४. | यस कार्यको लागि प्रति अनुसन्धान कार्यका लागि अनुमान गरिएको बजेट सीमा बढिमा ५ लाख हो । |
| १५. | आर्थिक प्रस्तावमा दिइएको २५ पुर्णाङ्कको गणना सार्वजनिक खरिद नियमावलीमा दिइएको सुत्र अनुसार हुनेछ।<br>TP (प्राविधिक प्रस्ताव) = ७५% र<br>FP (आर्थिक प्रस्ताव) = २५%<br>१००% को प्राविधिक प्रस्तावलाई ७५ अङ्कमा र आर्थिक प्रस्तावमा २५ अङ्क गणना गरिने छ । |

| १६. | कार्य सुरु हुने अपेक्षित समय : कार्य आदेश जारी भएको मितिबाट ५ दिन भित्र |
|---|---|

## सेक्शन प्राविधिक प्रस्ताव पेश गर्ने तरिकाः–

१. प्रस्ताव पेश गर्ने पत्र

संस्थाको लेटर हेड

प.सं :                                                    मिति

च नं:

विषयः अध्ययन/ अनुसन्धानका लागि प्रस्ताव पेश गरेको सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय,
लुम्बिनी प्रदेश,
राप्ती उपत्यका,(देउखुरी),नेपाल

प्रस्तुत विषयमा त्यस मन्त्रालयको च.न.......मिति............................को पत्रानुसार (...............................................................) विषयमा अध्ययन/अनुसन्धान कार्य गर्नको लागि यसैसाथ प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी पेश गरेका छौं । पेश गरिएको खाम भित्र २ वटा छुट्टाछुट्टै खामहरु रहेकाछन् । एउटा खाममा प्राविधिक प्रस्ताव लेखिएको र त्यस भित्र माग भए अनुसारको प्राविधिक प्रस्ताव रहेको छ भने अर्को खाम भित्र तोकिए बमोजिमको आर्थिक प्रस्ताव राखिएको छ । भित्रका दुबै खामहरु राम्रोसँग शीलबन्दी गरिएकाछन् । यसमा लेखिएको आधारमा प्रस्ताव स्वीकृत गर्न सामाजिक विकास मन्त्रालय बाध्य नहुने व्यहोरा समेत हामीलाई जानकारी रहेको व्यहोरा अनुरोध छ ।

संस्थाको तर्फबाट

आधिकारिक हस्ताक्षरः
हस्ताक्षरकर्ताको नाम र पदः
परामर्शदाता संस्थाको नाम र ठेगाना

२. माथि सि.नं.१३ मा दिइएका तालिका अनुसारको विवरण (प्रमाण समेत)

क. संस्थाको अनुभव: १५ अङ्क

ख. विधि तथा मेथडोलोजी -४५ अङ्क

ग. जनशक्ति विवरणः ४०अङ्क

जम्माः १००

नि. सचिव

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

३. कार्यादेशमा परामर्शदाताको टिप्पणी र सुझावहरू
४. विधि कार्य योजना
५. टीम वनावट र कार्य विवरण

| नाम | पद | कार्य |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

कृपया अनुसूचीमा प्रत्येक प्रस्तावित टीम सदस्यको व्यक्तिगत विवरण समावेश गर्नुहोस्

## आर्थिक प्रस्ताव पेश पत्र

संस्थाको लेटर हेड

प.सं :                                                                 मिति

च नं:

विषय: अध्ययन/ अनुसन्धानका लागि आर्थिक प्रस्ताव पेश गरेको सम्बन्धमा ।

श्री सामाजिक विकास मन्त्रालय,
लुम्विनी प्रदेश,
राप्ती उपत्यका,(देउखुरी),नेपाल

त्यस मन्त्रालयबाट यस संस्थालाई मिति २०८०।१०।१९ मा प्रस्तावको लागि अनुरोध भै आएकोमा …….अनुसन्धानका लागि तपसिल अनुसारको विवरण अनुसार VAT सहित जम्मा रु……………………प्रस्ताव पेश गरिएको छ। यसै साथ संलग्न प्रस्ताव स्वीकृत हुनेमा हामी आशावादी छौं।

तपसिल

<table>
<tr><td rowspan="2">अध्ययन/ अनुसन्धानको विषय</td><td colspan="2">VAT सहितको लागत</td><td rowspan="2">कैफियत</td></tr>
<tr><td>अङ्कमा</td><td>अक्षरमा</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

संस्थाको तर्फबाट

आधिकारिक हस्ताक्षर:

नि. सचिव

आधिकारिक हस्ताक्षरः
हस्ताक्षरकर्ताको नाम र पदः
परामर्शदाता संस्थाको नाम र ठेगानाः

# TERMS OF REFERENCE (TOR) FOR RESEARCH

कार्यगत शर्त विवरण

---

## कार्यशर्तहरु (Terms Of Reference)

### पृष्ठभुमीः

सामाजिक विकास मन्त्रालय लुम्बिनी प्रदेशको शिक्षा, युवा, खेलकुद तथा विज्ञान प्रविधि लगायतका क्षेत्र सम्बन्धित कार्यविवरण रही कार्य गर्ने निकाय हो ।विद्यालय शिक्षा विशेष गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा यसको मुख्य कार्य क्षेत्र हो । विद्यालय तथा उच्च शिक्षालाई पहुँच योग्य, गुणस्तर युक्त र सान्दर्भिक बनाई प्रदेश तथा राष्ट्रको चौतर्फी विकासमा योगदान गर्न सक्ने जनशक्ति विकास गर्नु अहिलेको आवश्यकता हो । उक्त दिशामा सहजीकरण गर्न हाल शिक्षा क्षेत्रमा तय गरी कार्यान्वयनमा रहेका नीति, विधि र कार्यक्रममा सामयिक परिवर्तनका लागि विभिन्न क्षेत्रमा गरिने अनुसन्धानका नतिजाहरुबाट योगदान हुने अपेक्षा समेत गरिएको छ ।

यस मन्त्रालयको आर्थिक बर्ष २०८०/८१ मा शैक्षिक विकास तथा प्राविधिक शिक्षा अन्तर्गत शिक्षा क्षेत्रमा सञ्चालन हुने विभिन्न प्रायोगिक अनुसन्धानबाट विद्यालय शिक्षाका विविध क्षेत्रलाई उचित दिशानिर्देश गर्न सहजीकरण गर्ने अपेक्षा मन्त्रालयको छ । त्यसै गरी विज्ञान प्रविधि क्षेत्रमा सञ्चालन हुने लघु अनुसन्धानका माध्यमबाट आधारभुत अनुसन्धानको क्षेत्रमा ज्ञान निर्माण भई प्रदेशको बहुआयामिक विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

उल्लेखित पृष्ठभुमीमा यस आर्थिक बर्षमा अनुसन्धान गर्न चाहेका क्षेत्रहरुको संक्षिप्त कार्यविवरण निम्नानुसार रहेको छ ।

### शैक्षिक विकास तथा प्राविधिक शिक्षा कार्यक्रमः

नि. सचिव

शीर्षकः शिक्षकको पेशागत विकास (टिपिडी) तालिम कार्यक्रमको प्रभावकारीताः

१. **अध्ययनको पृष्ठभुमी (Introduction)** शिक्षकहरुको पेशागत विकास (टिपिडी) तालिम कार्यक्रमहरु संघीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सहजीकरणमा प्रदेश शिक्षा तालिम केन्द्रले गरिरहेको छन । विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-२०७२) सँगै सञ्चालनमा आएको शिक्षकको पेशागत विकास (टिपिडी) तालिम मुल ढाँचा तात्विक फरक नभई निर्धारित समयावधिमा गरिने गतिविधिलाई व्यवस्थित गर्न खोजिएको देखिन्छ ।हाल यो प्रत्यक्ष, अनलाईन र मिश्रीत ढाँचामा समेत सञ्चालनमा रहेकोछ। विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३-२०८०) मा १ महिने अविधिको यो पेशागत विकास तालिमलाई क्षमता विकासका अतिरिक्त वृति विकासको अवसरको रुपमा लिएको छ ।शिक्षा विभागबाट वि. स. २०७२ सालमा प्रकाशित फ्ल्यास रिपोट अनुसार सामुदायिक विद्यालयमा औषत ९३ प्रतिसत शिक्षकहरु पुर्ण तालिम प्राप्त थिए ।यो तालिम कार्यक्रमलाई शिक्षकको पेशागत विकास प्रारुप २०७२ (संशोधन सहित) थप व्यवस्थित र वैज्ञानिक बनाउदै लगेको पाईन्छ ।

२. **अध्ययनको उद्देश्य (Objevtives)** शिक्षकको पेशागत विकासका लागि सञ्चालित टिपिडी तालिम कार्यक्रमलाई एउटा प्रणालिको रुपमा लिइ यसको लगानी प्रकृया, उत्पादन, उपलब्धि र प्रभावको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषणका आधारमा टिपिडी तालिमको सन्दर्भमा समग्र प्रतिवेदन तयार गर्नु रहेको छ ।

क) टिपिडी तालिम कार्यक्रमको प्रभाव विश्लेषण गर्नु ।

ख) टिपिडी तालिम र विद्यार्थी सिकाई उपलब्धिको सम्बन्ध विश्लेषण गर्नु ।

३. **अध्ययनको क्षेत्र र सिमाः (Limititions)** लुम्बिनी प्रदेश भित्रका ६ जिल्लाका कम्तिमा ३०० शिक्षकको टिपिडी तालिमको प्रभावकारीता अध्ययन गरेको हुनुपर्नेछ । ६ जिल्ला छनोट गर्दा कम्ति ५० प्रतिसत पहाडी जिल्ला समेत अनिवार्य छनोट गरेको हुनुपर्नेछ ।

४. **अध्ययनको विधि (Methodology)** परामर्शदाताले यो अनुसन्धानको लागि गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गर्न सक्नेछन । परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन । तथ्याङ्क संकलनका लागि अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, व्यक्ति केन्द्रित अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

<u>शीर्षकः प्रदेश तहबाट विनियोजित छात्रवृतिको प्रभाव अध्ययनः</u>

१. **अध्ययनको पृष्ठभुमी (Introduction)**

विद्यालय तथा उच्च शिक्षामा लक्षित वर्गका विद्यार्थीहरुको शिक्षामा पहुँच, निरन्तरता र गुणस्तरीय सिकाईका लागि नेपालको संविधान २०७२ को भाग ३ अन्तर्गत शिक्षाको हक र दलितको हकमा विपन्न तथा दलित विद्यार्थीका लागि उच्च शिक्षामा समेत छात्रवृति सहितको निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ । सामाजिक न्याय तथा समावेशीकरण निति अन्तर्गत मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने तथा अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ समेतले विद्यार्थीको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न सन्दर्भमा समेत छात्रवृतिको आवश्यकता औंल्याएको

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

छ ।प्रदेश सरकारले विज्ञान शिक्षामा छात्राहरुको पहुँच बढाउन स्थापना भएको दोस्रो बर्ष देखि नियमित रुपमा कक्षा ११ र १२ तथा स्नातक तहमा विज्ञान विषय अध्ययन गर्ने छात्राहरुलाई छात्रवृति उपलब्ध गराउदै आएको छ ।

२. **अध्ययनको उद्देश्य (Objevtives)** प्रदेश क्षेत्रभित्रका सामुदायिक विद्यालय तथा उच्च शिक्षा प्रदायक क्याम्पसहरुमा अध्ययनरत लक्षित समुह तथा क्षेत्रका विद्यार्थीहरुको शिक्षामा पहुँच अभिवृद्धिमा गरेको सहयोगको लेखाजोखा एवै अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषणका आधारमा छात्रवृतिको प्रभावका सम्बन्धमा समग्र प्रतिवेदन तयार गर्नु रहेको छ ।,

क) सामुदायिक विद्यालय तथा उच्च शिक्षा अध्ययनरत विद्यार्थीको शिक्षामा छात्रवृतिको अवस्था पहिचान गर्नु ।

ख) छात्रवृति प्राप्त विद्यार्थीको शिक्षामा यसले पारेको प्रभाव विश्लेषण गर्नु ।

३. **अध्ययनको क्षेत्र र सिमाः (Limititions)** लुम्बिनी प्रदेश भित्रका कम्तिमा ६ जिल्लामा अध्ययनको क्षेत्र रहने छ । उक्त जिल्ला भित्रका कम्तिमा ५० माध्यमिक विद्यालय र २० क्याम्पसका कम्तिमा ३५० जना छात्रवृति प्राप्त विद्यार्थीहरुको अध्ययन गर्नुपर्नेछ ।छात्रवृति प्राप्त विद्यार्थी छनोट गर्दा लक्षित वर्गका सबै प्रकृतिका विद्यार्थीहरु नमुना छनोटमा अनिवार्य हुनु पर्नेछ ।

४. **अध्ययनको विधि (Methodology)** परामर्शदाताले यो अनुसन्धानको लागि गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गर्न सक्नेछन । परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन । तथ्याङ्क संकलनका लागि अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, व्यक्ति केन्द्रित अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

## शीर्षकः विद्यालय शिक्षामा भौतिक पुर्वाधारको कार्यक्रमको प्रभावकारीता

**१. अध्ययनको पृष्ठभुमी (Introduction)**

विद्यालयको भौतिक पुर्वाधार विद्यालय शिक्षाको अभिन्न अङ्ग मानिन्छ ।विद्यालयको भौतिक पुर्वाधारको विषय उठान गर्दा न्यूनतम सक्षमताको अवस्था (MEC) अन्तर्गत ६ वटा र प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (PMCE) अन्तर्गत २५ वटा सुचकको व्यवस्था गरेको छ । त्यसै गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०७२ ले विभिन्न क्षेत्रगत सुचकहरुको व्यवस्था गरी विद्यालयलाई बालमैत्री बनाउने विषयलाई उठान गरेको छ । सामुदायिक विद्यालयको भौतिक पुर्वाधारको क्षेत्र र दायरा फराकिलो बनिरहेको सन्दर्भमा विद्यालय भौतिक पुर्वाधार विकास सम्बन्धी मापदण्ड २०८० ले विद्यालय भौतिक संरचना भित्र क) देखि त) सम्मका व्यवस्थाहरुलाई उल्लेख गरेको छ ।

२. **अध्ययनको उद्देश्य (Objevtives)** प्रदेश क्षेत्रभित्रका सामुदायिक विद्यालयमा रहेको भौतिक पुर्वाधार विकासको अवस्थाको अवलोकन अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषणका आधारमा विद्यालय भौतिक पुर्वाधारको अवस्थाका सम्बन्धमा समग्र प्रतिवेदन तयार गर्नु रहेको छ ।,

क) विद्यालयको भौतिक पुर्वाधार विकासको विद्यमान अवस्था पहिचान गर्नु,

ख) विद्यालयको भौतिक पुर्वाधारले विद्यार्थीको शिक्षामा पारेको प्रभाव विश्लेषण गर्नु ।

३. **अध्ययनको क्षेत्र र सिमाः (Limititions)** लुम्बिनी प्रदेश भित्रका कम्तिमा ६ जिल्लामा अध्ययनको क्षेत्र रहने छ । उक्त जिल्ला भित्रका कम्तिमा ३०० माध्यमिक विद्यालयको भौतिक पुर्वाधारको अनुगमन गर्नुपर्नेछ । विद्यालय छनौट गर्दा Random नमुना छनौट विधिको प्रयोग गर्नुपर्नेछ ।

नि. सचिव

४. **अध्ययनको विधि (Methodology)** परामर्शदाताले यो अनुसन्धानको लागि गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गर्न सक्नेछन । परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन । तथ्याङ्क संकलनका लागि अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, व्यक्ति केन्द्रित अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

**शीर्षकः स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोगको अवस्था**

१. **अध्ययनको पृष्ठभुमी (Introduction)**

नेपालको संविधान, २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तिन संरचनामा विभाजन गरी अनुसूची ८ को (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत राखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको अधिकार अन्तर्गत दफा ११ को उपदफा २(ज) मा आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार उल्लेख गरेको छ ।राष्ट्रिय शिक्षा नीति २०७६ मा नीति कार्यान्यवनको जिम्मेवारी अन्तर (११.३) स्थानीय सरकारले स्थानीय पाठ्यक्रम तथा पाठ्यसामाग्री विकास एवं कार्यान्यवन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामाग्री वितरण एवं कार्यान्यवन सहजिकरण गर्ने जिम्मेवारी रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले आधारभूत तह(कक्षा १-८) सम्मा १०० पूर्णाङ्क मातृभाषा /स्थानीय विषय स्थानीय ज्ञान सिप तथा प्रविधिमा आधारित क्रियाकलापमूखि हुने गरी विद्यालयले स्थानीय तहको समन्यवन तथा सहजिकरणमा विकास गरि कार्यान्यवन गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्यवन मार्गदर्शन (मातृभाषासहित)२०७६ मा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्यवन गर्ने सम्वन्धमा विभिन्न प्रकारका प्रावधानहरुको व्यवस्था गरीएको छन ।

२. **अध्ययनको उद्देश्य (Objevtives)** यस अध्ययनको मुख्य उद्देश्य लुम्बिनी प्रदेशभित्र रहेका स्थानीय तहका स्थानिय पाठ्यक्रमको निर्माण र प्रयोगको हालको अवस्थाको वारेमा जानकारी हासिल गर्नु । सम्बन्धित विषय क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन गर्न र तथ्याङ्क विश्लेषणको आधारमा स्थानिय पाठ्यक्रम निर्माण र प्रयोगको अवस्थाको वारेमा जानकारी हासिल गर्नु रहेको छ ।

क. लुम्बिनी प्रदेशमा स्थानीय पाठ्यषक्रम निर्माण तथा प्रयोगको अवस्था पहिचान गर्नु ।

ख. स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्यिन गरेका स्थानीय तहका विद्यालयमा यसको प्रभावकारीताको विश्लेषण गर्नु ।

ग. स्थानीय पाठ्यक्रम निर्माणमा जनशक्तिको योग्यता तथा दक्षता के कस्तो रहेको छ पहिचान गर्नु ।

३. **अध्ययनको क्षेत्र र सिमा (Limititions)** लुम्बिनी प्रदेशका हिमाल, पहाड र तराई समेतका जिल्लाको प्रतिनिधित्व हुने गरि ७ जिल्लाका ३० स्थानीय तह र प्रति स्थानीय तह कम्तिमा २ वटा विद्यालय पर्ने गरी ६० बटा विद्यालयमा आधारित हुनेछ । (जिल्ला,स्थानीय तथा विद्यालय छनोट गर्दा Random sampling Method का आधारमा गरिनुपर्ने छ)।

४. **अध्ययनको विधि (Methodology)** परामर्शदाताले यो अनुसन्धानको लागि गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गर्न सक्नेछन । परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन । तथ्याङ्क संकलनका लागि अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, व्यक्ति केन्द्रित अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

नि. सचिव

# विज्ञान प्रविधि कार्यक्रम

शिर्षकः लुम्बिनी प्रदेश भित्रका परम्परागत प्रविधिको उपयोगको अवस्थाः

१. अध्ययनको पृष्ठभुमी (Introduction)

विज्ञान प्रविधिको क्षेत्रमा धेरै लगानी गर्ने मुलुकहरुले नै विकास र समृद्धिको गन्तब्य हासिल गरेका छन । नेपालको अवस्था हेर्दा अहिले सम्म मुलुकको कुल बजेटको करिब ०.३ प्रतिसत लगानी भएको पाइन्छ जुन अति न्युन छ ।

लुम्विनी प्रदेश आफ्नो परम्परागत ज्ञान र प्रविधि क्षेत्रमा अग्रणी प्रदेश हो। जडिबुटी देखि कतिपय उन्नत कृषि विउ वीजनको आविष्कार पनि परम्परागत ज्ञान र सीपमा आधारित हुन्छन् ।हामी परम्परागत प्रविधिमा सम्पन्न छौं । हरेक गाउँ, समुदाय, जातजाति भित्र अनेक मौलिक प्रविधिहरू छन् । कुनै रोग चोटपटक लाग्दा गाउँघरमै पाइने जडीबुटीबाट गरिने उपचार, लोक्ताबाट नेपाली कागज बनाउने विधि, ढिकी, जाँतो, पानीघट्टजस्ता कुटानी पिसानी विधि, सुकुल बुन्ने विधि, जाल बुन्ने विधि, तानबाट घरेलु कपडा बुन्ने विधि, तोरीको तेल र उखुको रस निकाल्ने कोल, ईंटाको धुलो, चुन, भाकु, जुटको धागो, मास, मेथी आदिको वज्र बनाउने प्रविधि, कालो टोपी, ढाका बुन्ने विधि, दही, मोही, गुँदपाक, चाकु बनाउने प्रविधि, राडीपाखी, गलैंचा, साबुन, घडी, खयर आदि बनाउने प्रविधि अझैपनि सिमित संख्यामा अस्थित्वमा छन्

२. अध्ययनको उद्देश्य (Objevtives) प्रदेश क्षेत्रभित्रका परम्परागत प्रविधिको अवस्थाको अवलोकन अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषणका आधारमा परम्परागत प्रविधिको समग्र प्रतिवेदन तयार गर्नु रहेको छ ।

क) परम्परागत प्रविधिको विद्यमान अवस्था पहिचान गर्नु,

ख) परम्परागत प्रविधिको उपयोगको अवस्था विश्लेषण गर्नु ।

ग) परम्परागत प्रविधिमा भएको आधुनीकिकरणको अवस्था विश्लेषण गर्नु,

३. अध्ययनको क्षेत्र र सिमा (Limititions) लुम्बिनी प्रदेश भित्रका कम्तिमा ४ जिल्ला (रुकुम पुर्व सहित) अध्ययनको क्षेत्र रहने छ । उक्त जिल्लाका कृषि, घरेलु साना तथा मझौला उद्योग, मानिसको दैनिक जीवन निर्वाहमा र स्वास्थ्यको क्षेत्रमा प्रयोगमा रहेको परम्परागत प्रविधिको उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरी गर्न सकिने छ ।

४. अध्ययनको विधि (Methodology) परामर्शदाताले यो अनुसन्धानको लागि गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गर्न सक्नेछन । परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन । तथ्याङ्क संकलनका लागि अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, व्यक्ति केन्द्रित अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

शीर्षकः लुम्बिनी प्रदेशमा विज्ञान तथा प्रविधिको माध्यमबाट आर्थिक तथा समाजिक अवस्थामा सुधार ल्याउन सकिने संभावित क्षेत्र र तिनीहरुको वर्तमान अवस्थाः

१. अध्ययनको पृष्ठभुमी (Introduction)

नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आबद्ध गर्दै वैज्ञानिक अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक,

प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति आत्मसात गरेको छ । विसं २०७६ मा ल्याइएको राष्ट्रिय विज्ञान प्रविधि र नवप्रवर्तन नीतिले समेत तथ्यमा आधारित अनुसन्धानमा जोड दिँदै जनचेतना अभिवृद्धि गर्ने र समाजमा विद्यमान अन्धविश्वास र कुरुतीलाई निर्मूल गर्ने रणनीति निर्धारण गरेको छ । यस नीतिले विज्ञान तथा प्रविधिका प्रायः सबै विधाहरूलाई समेट्ने प्रयास गरेको छ । आर्टिफिसियल इन्टिलिजेन्स (एआई), नानो प्रविधि, बायो प्रविधि, परमाणु विज्ञान, इन्जिनियरिङको अधिकतम उपयोग गरी औद्योगिक उत्पादकत्व वृद्धि, उचित व्यवसायीकरण, दिगो पूर्वाधार विकास, जैविक तथा खनिज स्रोतको उपयोग, वातावरण, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण र सुशासन सेवा प्रवाह, साइबर तथा राष्ट्रिय सुरक्षालाई नीतिमा प्राथमिकता क्षेत्रको रुपमा लिइएको छ ।

लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६-२०८१) ले वैज्ञानिक अनुसन्धान, नवप्रवर्तन र प्रविधिको विकास तथा प्रयोग मार्फत उत्पादन र उत्पादकत्व वृद्धि एवं सेवाप्रवाहमा सुधार गर्ने लक्ष्य लिएको छ ।

उल्लेखित नीतिगत व्यवस्थाको सापेक्षतामा विज्ञान प्रविधिको उपयोग गर्न सकिने क्षेत्रहरुको पहिचान गर्न सहज हुनेछ ।

२. **अध्ययनको उद्देश्य (Objevtives)** प्रदेश क्षेत्रभित्रका विज्ञान र प्रविधिको विकासको अवस्था अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषणका आधारमा प्रभावित क्षेत्रको समग्र प्रतिवेदन तयार गर्नु रहेको छ ।

क) प्रदेशको आर्थिक सामाजिक विकासमा विज्ञान प्रविधिको योगदानको अवस्था विश्लेषण गर्नु,

ख) विज्ञान प्रविधिको प्रयोग गरी थप उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने क्षेत्रहरु पहिचान गर्नु ।

३. **अध्ययनको क्षेत्र र सिमा (Limititions)** लुम्बिनी प्रदेश भित्रका हिमाली पहाडी तथा तराईको जिल्लामा भएको प्राकृतिक तथा प्रादेशिक सम्पदाहरु, वन, जडिबुटी, जलसम्पदा, कृषि, घरेलु साना तथा मझौला उद्योग, शिक्षा, स्वास्थ्य लगायतका उत्पादन र उत्पाकत्व वृद्धि गर्न सकिने क्षेत्रहरुको उद्देश्यमुलक नमुना छनौट विधिको प्रयोग गरी गर्न सकिने छ ।

४. **अध्ययनको विधि (Methodology) परामर्शदाताले यो अनुसन्धानको लागि गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गर्न सक्नेछन । परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन । तथ्याङ्क संकलनका लागि अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, व्यक्ति केन्द्रित अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गर्न सकिनेछ ।**

Topic: "An Analytical Study On The Status Of Air Pollution In Rupandehi and Dang District"

१. **अध्ययनको पृष्ठभुमी (Introduction)**

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणमा बाँच्न पाउने हक लाई मौलिक हकका रुपमा अवलम्वन गरेको छ । वातारण संरक्षण ऐन २०७६ का अनुसार स्वच्छ वातावरणको निर्माण गर्ने र प्रदुषणरहित मानव अनुकुल वातावरण वनाइ राख्न बातावरण अध्ययन प्रतिवेदन तयार गरी कार्यान्यवन गर्नुपर्ने कुरा उल्लेख भएको छ । स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकार संरक्षण गर्न वातावरण ऐन प्रदुषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदुषकवाट क्षतिपूर्ति उपलब्ध गराउने वातावरण र विकास बिच समूचित सन्तुलन कायम गर्न प्रकृति वातावरण जैविक विविधतामा पर्ने

प्रतिकुल वातावरण प्रभाव न्युनिकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतीलाई सामाना गर्नका लागि वातावरण संरक्षण सम्वन्धि तयार पारेको वातावरण संरक्षण ऐन २०७६ तयार गरिएको छ । वातावरण प्रदुषणको वारेमा राष्ट्रिय जलवायु परिवर्तन रणनिति २०७६ कार्यान्यवनमा ल्याइएको छ ।

२. **अध्ययनको उद्देश्य (Objevtives)** यस अध्ययनको मुख्य उद्देश्य लुम्बिनी प्रदेशभित्र रहेका ठुला शहर दाङ र रुपन्देहीको वायु प्रदुषणको अवस्थाको वारेमा अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषणका आधारमा प्रभावित क्षेत्रको समग्र प्रतिवेदन तयार गर्नु रहेको छ ।

क. लुम्बिनी प्रदेशमा रहेका दाङ र रुपन्देही जिल्लाको वायु प्रदुषणको अवस्था पहिचान गर्ने ।

ख. वायु प्रदुषणले मानव स्वास्थ्यमा पार्ने असर र जोखिमको आँकलन गर्ने।

३. **अध्ययनको क्षेत्र र सिमा (Limititions)** यो अध्ययन क्षेत्र लुम्बिनी प्रदेशका दाङ तथा रुपन्देही जिल्लाहरु हुनेछन । यी दुई जिल्लाका शहर केन्द्रित विभिन्न स्थानहरुको वायु प्रदुषणको अवस्था संकलन गरी तुलनात्मक प्रतिवेदन निर्माण गर्ने । वायु प्रदुषण न्युनीकरणका उपायहरु समेत अध्ययनको क्षेत्र भित्र रहनेछ ।

४. **अध्ययनको विधि (Methodology)** परामर्शदाताले यो अनुसन्धानको लागि गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गर्न सक्नेछन । परामर्शदाताले अध्ययन र प्रतिवेदन तयारीका सिलसिलामा प्राथमिक तथा द्वितीय स्रोतको प्रयोग गर्न सक्नेछन । तथ्याङ्क संकलनका लागि अवलोकन फाराम, प्रश्नावली, समुह अन्तर्वाता, व्यक्ति केन्द्रित अन्तर्वाता, सर्वेक्षण लगायतका साधनहरुको प्रयोग गर्न सकिनेछ ।

अन्य विषयहरु संझौतामा उल्लेख गरे अनुसार हुनेछ ।

**अनुसन्धान प्रतिवेदन र भाषाः** यस आशयपत्र माग गरिएका विषयमा सञ्चालन गर्ने अनुसन्धान प्रतिवेदनलाई परामर्शदाताले अग्रेजी वा नेपाली वा दुबै भाषामा प्रकाशन गर्न सक्नेछन । परामर्शदाताले प्रति अनुसन्धान शीर्षक ५ प्रति अनुसन्धान प्रतिवेदन हार्डकपी र soft copy सहितको Pen drive यस मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

**अनुसन्धानको लागत अनुमानः** यस आशयपत्रमा विभिन्न ७ अनुसन्धान शीर्षकमा अनुसन्धानका लागि प्रति अनुसन्धान बजेट रु. ५,००,०००।- को परिधि भित्र रही परामर्शदाताले खर्चको लागत अनुमान पेश गर्नुपर्नेछ ।

## अनुसन्धान प्रतिवेदन प्रारुपको एक ढाँचा

Research Proposal format: *(Note: The sequence of the sections can be altered to suit the discipline and the research methodology being applied.)*

१. Title शीर्षक

२. Abstract सारांश

३. -Introduction and Rationales of the Study) परिचय र अनुसन्धानको औचित्य

४. Problem Statement अनुसन्धान गर्न खोजिएको मूल समस्या

५. Literature Review and Research Gaps पूर्वशोधकार्यको समीक्षा र मूल्याङ्कन (५ वटा पूर्व प्रकाशित पुस्तक, लेख, रचना र अनुसन्धानमूलक सामग्रीको अध्ययन र त्यसले दिएको उपलब्धिको समीक्षा )

६. Theoretical/Conceptual Framework सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

७. Conjectures/Hypotheses, Research Questions आवश्यक भएमा पूर्वपरिकल्पना अनुसन्धान प्रश्नहरु
८. Research Objectives अनुसन्धानको उद्देश्य
९. Study Design, Methods, Tools and Data Analysis शोधपद्धति
१०. Expected Findings आशातित नतिजा
११. Novelty and Level of Contribution of the Study
१२. Expected Outputs (Publications)
१३. Limitations and Delimitations
१४. Ethical/Safety Issues
१५. Organization of the Study अनुसन्धान प्रतिवेदनको संरचना
१६. Estimated Budget प्रस्तावित लागत
१७. References सन्दर्भ सामाग्रीको सूची
१८. Association to National/provincial Priority** (explain in a simple language)

नि. सचिव